# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

कोशी प्रदेश, नेपाल

## रामधुनी नगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१३ गते)**

रामधुनी नगरपालिकाद्वारा आ.व. २०८२/८३ का लागि आर्थिक ऐन २०८० को दफा ९, प्रचलित कानून तथा रामधुनी नगरपालिका राजस्व परामर्श समितिको निर्णयानुसार आन्तरिक आय ठेक्काहरू बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले तपसिलका शर्त बन्देजको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक मिति २०८२/०३/१३ को राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्युनतम वार्षिक ठेक्का अंक रु मु.अ.क.सहित | बोलपत्र फारम दस्तुर रु | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | RMD/BOLPATRA/ ०८२/८३ (राजस्व) | शनिवार,बुधवार साप्ताहिक हाट र गुद्री (रामधुनी १ र ५) | २०८३ असार मसान्त सम्म | रु.२५०५०००/- | ३०००/- | २०८२/०३/२७ को कार्यालय समय भित्र | २०८२/०३/२८ गते दिउसो १२: ०० बजेको समय | २०८२/०३/२८ गते दिउसो २: ०० बजेको समय |

**शर्तहरुः**

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस सूचनामा तोकिएको मिति र समय भित्र यस नगरपालिकाको राजस्व प्रशासन शाखाबाट खरिद गर्नुपर्नेछ।

२. बोलपत्र साथ कबोल गरेको अङ्कको ५% ले हुन आउने रकम जमानत बापत यस कार्यालयको नाममा रहेको एन. आई. सी. एसिया बैंक लि. झुम्का शाखाको धरौटी खाता नं. ०६९२०५००२७९०८०१५ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त "क" वर्गको वाणिज्य बैंकबाट कम्तिमा ९० दिन म्याद कायम रहेको बैंक जमानत पत्र संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दरखास्त पेश गर्न सकिनेछ।

३. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ।

४. छुट्टा-छुट्टै विषयको बोलपत्र फारम छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्नेछ।

५. रीतपूर्वक दाखिला भएको बोलपत्र तोकिएको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन।

७. बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजस्व कार्यालयमा फर्म दर्ता भई आ.व. २०८०।८१ को कर चुक्ता भएको प्रतिलिपि, फर्म नवीकरण भएको प्रतिलिपि, व्यवसाय दर्ता नविकरण भएको प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्नेछ।

८. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्नेछ।

९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थिति हुनु पर्नेछ।

१०. नेपाल सरकारले जारी गरेको निशेधाज्ञाको बखतमा ठेक्का सञ्चालन नभएमा सो समय हिसाब गरी ठेक्का रकम दामासाहीले घटाइनेछ।

११. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ र कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा दोस्रो किस्ता २०८२ कात्तिक मसान्त भित्र र अन्तिम किस्ता २०८२ फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ। किस्ता रकम ठेक्का सम्झौता गर्दा नै बुझाई बाँकी रकमको हकमा २०८२ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ।

१२. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्नेछ।

१३. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टीबाट असुल गर्न बाँकी रकम असुल उपर गरिनेछ।

१४. ठेकेदारले आय सङ्कलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाइने छैन। बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना असुल गरी कानून बमोजिम कारबाही गर्न सकिनेछ।

१५. ठेक्का सञ्चालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्‍याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिनेछ।

१६. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि नगरपालिका कार्यालयले तोकेको ढाँचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई नगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइने छ।

१७. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचिलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कबोल गर्नेसँग सम्झौता गरिनेछ।

१८. विगतमा नगरपालिकाले लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदारबाट ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आउने ठेक्का स्वीकृत गरिने छैन।

१९. कुनै पनि चिठ्ठी, तार टेलिफोन, फ्याक्सबाट आएको पत्रलाई मान्यता दिइने छैन।

२०. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र उक्त निर्णय दुवै पक्षलाई मान्य हुनेछ।

२१. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

२२. नेपाल सरकार अदालत र यस कार्यालयको आदेश, निर्देशन र निर्णयको अक्षरस पालना गर्नु पर्नेछ।

२३. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस कार्यालयको राजस्व प्रशासन शाखामा आई बिश्रृत विवरण बुझ्न सकिनेछ।

२४. कर दस्तुर शुल्क संकलनको दररेट सहितको सूची ठेक्का सम्झौता गर्दा उपलब्ध गराइनेछ। उक्त सूचीको बोर्ड सम्झौता अवधीभर सबैले देख्ने ठाउँमा राखी सूचीमा उल्लिखित दररेट अनुसार मात्र शुल्क उठाउन पाइनेछ।

२५. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।